# चौतारा साँगाचोकगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौतारा, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

मिति २०७७/०६/०९

## सूचना ! सूचना !! सूचना !!!

जिल्ला समन्वय समितिको मिति २०७७/०५/२५ को च.नं. ९७ मा नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको निर्णय अनुसार अवैध रुपमा उत्खनन् तथा संकलन गरि राखेको बालुवा लिलाम बिक्री गर्ने सम्वन्धमा प्राप्त पत्रको सम्बन्धमा मिति २०७७/०५/३० को नगर प्रमुख स्तरीय निर्णय अनुसार गठन भएको कार्यदलको प्रतिबेदको आधारमा यस नगरपालिका वडा नं. ११ को भिमटार भन्ने स्थानमा रहेको कालिन्चोक भगवती क्रसर उद्योगको अन्दाजी ४०० मिटर मुनी यस अगाडी नै क्रसरले थुपारेको बालुवाको थुप्रो माथि रहेको ४९१८ घनमिटर, वडा नं. १२ को चेहेरे भन्ने स्थानमा सुन्दर सप्लायर्सले अवैध रुपमा थुपारेको ४०५ घन मिटर र सोही ठाउँमा अवैध रुपमा चन्द्र बहादुर माझीले थुपारी राखेको ३३२ घन मिटर गरि जम्मा बालुवा ५६५५ घन मिटर बालुवालाई घन फिटमा परिवर्तन गर्दा १९९५०८.४ घन फिट बालुवालाई मिति २०७७/०६/०९ को नगर प्रमुख स्तरीय निर्णय अनुसार न्यूनतम रु २०।-(बीस) प्रति घन फिटमा नघट्ने गरि ७ (सात) दिने सिलवन्दी लिलाम बढाबढको सूचना प्रकाशित गरिएको छ ।

**निम्न:**

१. वडा नं. ११ को कालिन्चोक भगवतीको क्रसरको अन्दाजी ४०० मिटर मुनी बालुवाको थुप्रो माथी रहेको १७३५०७०.४ घनफिटको न्यूनतम मूल्य रु ३,४७०,१४०.८०। (चौतिस लाख सत्तरी हजार एक सय चालिस रुपैया असि पैसा)
२. वडा नं. १२ को चेहेरेको सुन्दर्स सप्लायर्सले अवैध रुपमा थुपारेको बालुवा १४२८८.४ घन फिटको न्यूनतम मूल्य रु २८५,७६८ । (दुई लाख पच्यासी हजार सात सय अठ्सठ्ठी रुपैया)
३. वडा नं. १२ को चेहेरेमा रहेको चन्द्र बहादुर माझीले अवैध रुपमा थुपारेको बालुवा ११७१२.९६ घन फिटको न्यूनतम मूल्य रु २३४,२४९.२०।- (दुई लाख चौतिस हजार दुई सय उनान्चास रुपैया बीस पैसा)
४. बोल कबोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको धरौटी खाता नं. ०५७०३०००००३००००००००१ मा जम्मा गरेको बैंक भौचर सिलबन्दी खाम भित्र संलग्न गर्नु पर्नेछ ।
५. लिलाम बढाबढबाट बिक्रि हुने भएकोले बाढी बोल काबोल गर्नेको लिलाम प्रस्ताव स्वीकृत गरिनेछ ।
६. ७ (सातौ) दिन मिति २०७७/०६/१५ गते दिउसो १.०० बजे प्रतिनिधीको रोहवरमा लिलाम प्रस्ताव खोलिनेछ ।
७. ७ (सातौ) दिन (मिति २०७७/०६/१५ गते) अपरान्ह १२.०० बजे भित्र लिलाम बढाबढको सिलबन्दी प्रस्ताव पेश गरि सक्नु पर्ने छ ।

२०७७/०६/०९

(दुर्गा प्रसाद ढुंङ्गेल)
अधिकृतस्तर छैटौं

दुर्गा प्रसाद ढुंगेल
अधिकृतस्तर छैटौं

http://chautaramun.gov.np/ chautaramun@gmail.com ०११-६२०४७७, ३१३ ०११-६२००४७